# प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

२०७७

## प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न वनेको विधेयक

**प्रस्तावनाः** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश लोक सेवा आयोग ऐन, २०७६ दफा ३ मा संशोधनः** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ (यसपछि **मूल ऐन** भनिएको) को दफा ३ को उपदफा (३) मा समितिले भन्ने शव्दको पछि **"समानुपातिक"** भन्ने शव्द थपिएको छ ।

३. **मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को ठाउँ ठाउँमा रहेको "सेवाका शर्त" भन्ने शव्दहरुको सट्टा "सुविधा" भन्ने शव्द र "प्रदेश कानून" भन्ने शव्दहरुको सट्टा "अनुसूची-१" भन्ने शब्द कायम गरिएका छन् ।

४. **मूल ऐनको दफा ६६ मा संशोधनः** मूल ऐनको दफा ६६ को उपदफा (१) पछि देहायको उपदफा (२) थप गरिएको छः-

"(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदन प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश गर्न लगाउनेछ ।"

५. मूल ऐनमा देहाय बमोजिमको अनुसूची-१ थप गरिएको छः-

**अनुसूची-१**

**(दफा- ६ संग सम्बन्धित)**

**पारिश्रमिक र सुविधा**

| क्र.सं. | विवरण | इकाई दर | अध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ६०,६८०।- | ५५,०००।- |
| २ | आवास सुविधा | प्रति महिना रु. | २०,०००।- | २०,०००।- |
| ३ | फर्निचर र फर्निसिङ्ग (सरकारी घरको बन्दोबस्त नभएमा) | एकपटक मात्र रु. | ५०,०००।- | ५०,०००।- |
| ४ | सवारी साधन (चालक सहित) | एक वटा | १ | १ |
| ५ | इन्धन (डिजेल/पेट्रोल) | मासिक | १२५ लि. | १०० लि. |
| ६ | मोविल | त्रैमासिक | ५ लि. | ५ लि. |
| ७ | संचार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रु. | ३,०००।- | २,०००।- |
| ८ | यातायात सुविधा | प्रति महिना रु. | १५,०००।- | १५,०००।- |
| ९ | विविध | प्रति महिना रु. | ३,०००।- | २,०००।- |

| | | | | |
|---|---|---|---|---|
| १० | दैनिक भ्रमण भत्ता<br>स्वदेश<br>विदेश | प्रति दिन<br>रु<br>अमेरिकी डलर | २५००।-<br>२२५।- | २०००।-<br>१७५।- |
| ११ | चाडपर्व खर्च | वार्षिक | एक महिना बराबरको तलब | एक महिना बराबरको तलब |
| १२ | यात्रा दुर्घटना विमा सरकारी ) (कामको सिलसिलामा | रु. | २,००,०००। | २,००,०००। |

**स्पष्टीकरणः**

१. सरकारी आवास र सवारी साधन उपलब्ध गराइएको अवस्थामा क्रम संख्या २ र ८ बमोजिमको रकम उपलब्ध गराइने छैन ।

२. सरकारी सवारी साधन उपलब्ध भएमा वा आफ्नै नीजि स्वामित्वको सवारी साधन प्रयोग गरेमा मात्र क्रम संख्या ५ र ६ बमोजिमको जिन्सी सुविधा उपलब्ध गराइनेछ ।

३. आयोगका अध्यक्ष र सदस्यलाई प्रदेश निजामती कर्मचारी सरह भैपरी आउने र पर्ब बिदा, घर बिदा, बिरामी बिदा, किरिया बिदा, प्रसूति बिदा र प्रसूति स्याहार बिदा उपलव्ध गराईनेछ ।

४. सदस्यको हकमा अध्यक्षले र अध्यक्षको हकमा आयोगको काम कारबाही प्रभावित नहुने गरी अध्यक्ष स्वयंले आफ्नो बिदा स्वीकृत गर्न सक्नेछ ।

५. आयोगका अध्यक्ष र सदस्यलाई प्रदेश निजामती कर्मचारी सरह संचयकोषको सुविधा उपलब्ध गराइनेछ ।

६. प्रदेश सरकार (मन्त्रिपरिषद्) ले आवश्यकता र औचित्यताको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

प्रदेश सभाको सम्बत् २०७७ श्रावण ३१ गते शनिबारका दिन बसेको छैटौं अधिवेशनको ३२औं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

..............................

माननीय अर्जुन बहादुर थापा

सभामुख

सुदूरपश्चिम प्रदेश

मिति :- २०७७-०५-०२

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणिकरण गर्दछु ।

मिति :-......................... माननीय सर्मीला कुमारी पन्त

प्रदेश प्रमुख